नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

(कर्मचारी प्रशासन शाखा)

श्रीमहल, पुल्चोक, ललितपुर

प.सं. ०७३।०७४

च.नं. ५२

मिति : २०७३।४।२६

**विषय :- सम्पति विवरण सम्बन्धमा ।**

**श्री जिल्ला प्राविधिक कार्यालय, ७५ (सबै) ।**

**श्री महाशाखा/कार्यक्रम/आयोजना/परियोजना/ शाखा (सबै) डोलिडार ।**

उपर्युक्त सम्बन्धमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौको प.सं. ०७३।०७४ च.नं.१६३ मिति २०७३।४।२३ को पत्रबाट, भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० मा प्रत्येक सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको सम्पत्तिको अद्यावधिक विवरण आ.व. समाप्त भएको मितिले ६०(साठी) दिन भित्र प्रत्येक वर्ष नेपाल सरकारले तोकेको निकाय समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको, निजामती सेवा ऐन, २०४९ को दफा ५४ अनुसार निजामती कर्मचारीले आफ्नो सम्पत्तिको विवरण दिनु पर्नेछ भन्ने उल्लेख भएको, निजामती सेवा नियमावली २०५० को नियम ११८ को उपनियम (१) अनुसार प्रत्येक निजामती कर्मचारीले आ.व. समाप्त भएको मितिले ६० (साठी) दिन भित्र अनुसूची-१८ वमोजिमको सम्पत्ति विवरण सम्वन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नुपर्नेछ, सोही नियमको उपनियम (२) बमोजिम नयाँ नियुक्ति हुने कर्मचारीले पनि उपनियम (१) बमोजिमको ६० (साठी दिन भित्र पेश गर्नुपर्नेछ भन्ने उल्लेख भएको र विशेष गरी नयाँ नियुक्ति हुने कर्मचारीलाई समयमै सूचना प्रवाह नभएको कारण आ.व. ०७२।७३ मा ठूलो संख्याका कर्मचारीहरुले सम्पत्ति विवरण नबुझाई जरिवाना बुझाउनु पर्ने अवस्था देखिएको हुँदा तहाँ अन्तर्गतका नयाँ नियुक्ति हुने कर्मचारीलाई तोकिएको समय भित्र तोकिएको निकायमा सम्पत्ति विवरण बुझाउने सम्बन्धमा समयमै आफ्नो मातहतका कर्मचारीहरुलाई सूचना प्रवाह गर्नु हुन र सो अनुरुप सम्पत्ति विवरण संकलन गर्ने व्यवस्था मिलाउनु हुन भनी लेखि आएको हुँदा सो अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

०७३/४/२६

**(शम्भु ठकुल्ला)**

**शाखा अधिकृत**

**वोधार्थ :-**

श्री जिल्ला सडक सुधार कार्यक्रम (LRIP) GIS & E-procurement Unit :Website मा राखिदिनु हुन ।